

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्नै छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ २ गते बुधबार ❑ 15 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५ ।-


## सरकारको नीति तथा कार्यक्रममा गण्डकीका योजना

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

सरकारले आज सार्वजनिक गरेको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रममा गण्डकी प्रदेशमा पर्ने पोखरा अन्तर्राष्ट्रिय विमानस्थलदेखि गोरखकाली रबर उद्योग सञ्चालन गरिनेसम्मका योजना समेटिएका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तरदेशीय उडान सुरु गर्न प्रोत्साहन प्याकेजको व्यवस्था गरिने उल्लेख छ । हाल आन्तरिक उडान मात्र भइरहेको सो विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन। पर्यटकीय राजधानीपोखरामाअर्बौंलगानीमा बनेको उक्त विमानस्थललाई पूर्णरुपमा सञ्चालनमा ल्याउनुपर्ने माग उठ्दै आएको छ ।



सरकारले वर्षौंदेखि बन्द अवस्थामा रहेको गोरखाकाली रबर उद्योगलाई निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन गर्ने योजना अगाडि सारेको छ। उद्योगको सम्भाव्यता अध्ययन गरी सार्वजनिक-निजी साझेदारी वा अन्य उपयुक्त विधिबाट व्यवस्थापन र सञ्चालन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । गोरखाको मजुवा देउरालीमा रहेको सो उद्योग विसं २०७२ देखि पूर्णरुपमा बन्द छ । विसं २०४९ देखि उत्पादन थालेको गोरखकाली रबर उद्योग नेपालको एकमात्र टायर उद्योग हो । सरकारले चालु आवको नीति तथा कार्यक्रममा पनि बन्द अवस्थाको सो उद्योग सञ्चालनमा ल्याउने घोषणा गरेको थियो । सरकार र राजनीतिक नेतृत्वबाट उक्त उद्योग चलाउने प्रतिबद्धता आउने गरे पनि अहिलेसम्म कार्यान्वयनमा आउन सकेको छैन । सो उद्योग सञ्चालनका लागि ठोस कार्ययोजना र ढाँचा तय भई नसकेको जनाइएको छ। गोरखा नगरपालिका-१३ मजुवा देउरालीको छ सय ६५ रोपनी क्षेत्रफलमा फैलिएको उद्योगमा झण्डै १० अर्ब बराबरको सम्पत्ति रहेको जनाइएको छ । उद्योगको जग्गा, भवन, वन सम्पदा, उपकरण आदिको संरक्षण प्रयास भए पनि लामो समयसम्म सञ्चालनमा नआउँदा जीर्ण बन्दै गएका छन् ।

यस्तै आगामी आवदेखि बुढीगण्डकी जलविद्युत् आयोजनाको निर्माण सुरु गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको जलाशययुक्त बूढीगण्डकी जलविद्युत् आयोजना सरकारले आफ्नै लगानीमा बनाउने घोषणा यसअघि नै गरेको थियो । गोरखा र धादिङको सीमानामा पर्ने बूढीगण्डकी नदीमा बन्ने एक हजार दुई सय मेगावाटको उक्त आयोजना वर्षौंदेखि अन्यौलमा रहँदै आएको थियो । गोरखामै एग्रो इण्डस्ट्रियल पार्क बनाइने भएको छ । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा यसै वर्षदेखि चिकित्साशास्त्र सङ्कायको स्नातक तहको कक्षा सुरु गरिने भएको छ। गण्डकीका अधिकांश जिल्ला समेट्ने मध्यपहाडी लोकमार्गलाई समृद्धि कोरिडोरका रुपमा विकास गर्न विद्युत, सञ्चार, पर्यटन, शिक्षा, स्वास्थ्य, खानेपानीलगायत पूर्वाधार विकास गरी उत्पादकत्व, उद्यमशीलता र रोजगारी सिर्जना गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । रणनीतिक महत्वको सालझण्डी-ढोरपाटन सडक र पोखरा-मुग्लिन सडक निर्माण र स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइने भएको छ । कालीगण्डकी करिडोरलाई बाह्रैमास यातायात सञ्चालन हुने गरी निर्माणलाई तीव्रता दिइने भएको छ। प्रदेश राजधानी पोखरामा रहेका सङ्घीय अस्पताल र स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई पाँच सय शय्यामा स्तरोन्नति गरी विस्तार गरिने भएको छ।

गण्डकी प्रदेशलगायत देशका उच्च हिमाली भेगका हिमशृङ्खला र नदी प्रणालीलाई जीवन्त राख्दै हिमाल, पहाड र तराई क्षेत्रमा जलवायु परिवर्तनबाट परेका असरलाई एकीकृत र सन्तुलित रुपमा सम्बोधन गर्न 'राष्ट्रपति जलवायु परिवर्तन व्यवस्थापन कार्यक्रम' गरिने नीति तथा कार्यक्रममा उल्लेख छ। हिमाली क्षेत्रमा भेडाबाख्रा, च्याङ्ग्रा, चौँरीलगायत पशुपालन एवं स्याउ, ओखरजस्ता फलफूल र जडीबुटीका ठूला फार्म सञ्चालन गर्न 'हिमाल समृद्ध कार्यक्रम' सञ्चालन गरिने जनाइएको छ। आदिकवि भानुभक्त आचार्यको जन्मस्थल तनहुँको चुँदी रम्घामा सबै नेपाली भाषाभाषीका मूर्धन्य श्रष्टाहरुको प्रतिमा र सप्तधामसहितको 'भानु साहित्य उद्यान' निर्माणलाई अगाडि बढाइने नीति तथा कार्यक्रममा उल्लेख छ ।

## पोखरा महानगरका मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ




पोखरा महानगरपालिका न्यायिक समितिको आयोजनामा मेलमिलाप सम्बन्धी पुनर्ताजगी तालिम सुरु भएको छ । "मेलमिलाप गरौँ, सम्बन्ध बढाऔँ" भन्ने उद्देश्य सहित तीन दिनसम्म सञ्चालन हुने तालिमको पोखरा महानगरपालिका कार्यबाहक प्रमुख एवं न्यायिक समिति संयोजक मञ्जुदेवी गुरुङले उद्घाटन गर्नुभयो ।

उद्घाटन कार्यक्रममा बोल्दै कार्यबाहक प्रमुख गुरुङले पोखरा महानगरपालिका न्यायिक समिति उत्कृष्ट रहेको उल्लेख गर्दै उत्कृष्ट बनाउन मेलमिलापकर्ता लगायत सबैको भुमिका महत्वपूर्ण रहेको बताउनुभयो । सरकार बन्नका लागि कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका हुनुपर्ने बताउदै उहाँले सरकारको न्यायपालिकाको रुपमा न्यायिक समिति रहेको उल्लेख गर्दै विवाद समाधानका लागि मेलमिलापकर्ताहरुको मन मिलाउने कार्यमा इमान्दारीताका साथ लाग्नुपर्ने बताउनुभयो । कार्यबाहकप्रमुखगुरुङलेविवादले फाटेका मनहरुलाई मेलमिलापका माध्यबाट सिलाउने प्रयत्न मेलमिलापकर्ताहरुले गर्ने भएकाले तालिमको आयोजना गरिएको बताउनुभयो । उहाँले स्थानीय तहबाटै विवाद उत्पन्न हुने भएकाले वडाबाटै यसको समाधान गर्ने उद्देश्यले वडामा मेलमिलापक केन्द्र स्थापना गरिएको बताउनुभयो । पोखरा महानगरपालिका प्रमुख प्रशासकीय अधकृत श्यामकृष्ण थापाले तालिमबाट नयाँ कुराहरु सिक्ने अवर प्राप्त गर्ने भएकाले यस्ता तालिमहरु फलदायि हुने विश्वास व्यक्त गर्नुभयो । पोखरा महानगरपालिका वडा नम्बर १७ का अध्यक्ष एवं एमाले दलका नेता राधिका शाही योगीले तालिमले सशक्त बनाउने र मेलमिलाप गराउन महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो । मेलमिलापकर्ताहरुलाई केही अप्ठ्यार भएपनि विवाद समाधानका लागि प्रयास गरिरहेको बताउदै त्यसका लागि वडा र महानगरले सहयोग गर्नुपर्नेमा जोड दिनुभयो। कांग्रेसको तर्फबाट महानगरका


बाँकी अन्तिम पृष्ठमा ▶▶


## पूर्व सांसद रेग्मीको निधन

पोखरापत्र संवाददाता
वालिङ, १ जेठ

पूर्व सांसद खगेन्द्रराज रेग्मीको निधन भएको छ ।

नेपाली कांग्रेस स्याङ्जाका पूर्व सभापतिसमेत रहनुभएका उहाँको ७५ वर्षको उमेरमा बुधबार आफ्नै निवास भीरकोट-७ गेफ्रबासमा निधन भएको हो । रेग्मी २०५८ सालमा राष्ट्रियसभाको सांसद बन्नुभएको थियो । उहाँ लामो समयसम्म शिक्षण पेसामासमेत सक्रिय रहनुभएको थियो। रेग्मी केही समयदेखि क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो । काठमाडौँमा क्यान्सरको उपचार गराइरहनुभएका रेग्मीको उपचारमा सुधार नदेखिएपछि उहाँलाई भीरकोट ल्याइएको थियो । नेपाली कांग्रेस स्याङ्जाका सचिव दामोदर लम्सालका अनुसार रेग्मीको आजै स्याङ्जा र पाल्पाको सङ्गमस्थलमा रहेको रामनदीधाम (राम्दी) स्थित कालीगण्डकी नदीमा अन्त्येष्टि गरिने छ । नेपाली कांग्रेसका सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवाले


बाँकी अन्तिम पृष्ठमा ▶▶


## सहकारीको रकम अपचलनको आरोपमा अध्यक्षसहित आठ पक्राउ

पोखरापत्र संवाददाता
पोखरा, १ जेठ

पोखरा महानगरपालिका-४ गैह्रापाटनस्थित प्राइम बहुउद्देश्यीय सहकारी संस्थाका बचतकर्ताको निक्षेप रकम अपचलन गरेको आरोपमा प्रहरीले सोमबार आठ जनालाई पक्राउ गरेको छ।

सहकारी रजिष्ट्रारको कार्यालय पोखराका अनुसार उक्त सहकारीका अध्यक्ष, पूर्वपदाधिकारी तथा सञ्चालक समितिका पदाधिकारीले निक्षेपकर्ताको रु एक अर्ब ५४ करोड १५ लाख आठ हजार एक सय ४२ अपचलन गरेका छन् । सहकारीका सञ्चालक समितिका पदाधिकारी समेतले निक्षेपकर्ताको बचत रकम फिर्ता नगरेको उजुरीपछि कास्की प्रहरीले उनीहरुलाई पक्राउ गरेको हो। पक्राउ परेकाहरुलाई अनुसन्धान प्रक्रिया अघि बढाएको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वसन्त शर्माले जानकारी दिनुभयो ।

सञ्चालक समितिका पदाधिकारीसमेतले निक्षेपकर्ताको बचत रकम फिर्ता नगरेको, सहकारीको रकम अपचलन गरेको भनी सहकारी रजिष्ट्रारको कार्यालय पोखराको उजुरीको आधारमा उनीहरुलाई पक्राउ गरिएको प्रनाउ शर्माले बताउनुभयो ।

सहकारी रजिष्ट्रारको कार्यालयले जिल्ला प्रहरी कार्यालयलाई पत्राचार गरी बचतकर्ताको रकम अपचलन तथा हिनामिनाका बारेमा सहकारी ऐन, २०७४ बमोजिम अनुसन्धान गर्न आग्रह गरेको थियो।यसैगरीप्रहरीलेसहकारीका बचतकर्तालाई सार्वजनिक सूचनामार्फत उजुरीको आह्वान गरेको छ।

आगामी जेठ २० गतेभित्र आफ्नो बचतको प्रमाण खुल्ने कागजातसहित उजुरी दिन प्रहरीले आग्रह गरेको छ।

## सरकारको भनाइ एकातिर छ, गराइ अर्कोतिर : प्रमुख प्रतिपक्षी कांग्रेस

रासस
काठमाडौं, १ जेठ

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेस र विपक्षी राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरुले नेपाल सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रमको आलोचना गरेका छन् ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट आज सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत उक्त कार्यक्रमबारे सञ्चारकर्मीसँग प्रतिक्रिया दिँदै सो पार्टीका नेता एवं पूर्वअर्थमन्त्री डा प्रकाशशरण महतले सरकारको भनाइ र गराइमा आकाश जमिनको फरक रहेको टिप्पणी गर्नुभयो । " सरकारको भनाइ एकातिर छ, गराइ ठीक उल्टो छ। त्यसैले यो नीति तथा कार्यक्रम कार्यान्वयन हुन्छ भन्नेमा रतिभर विश्वास छैन ।" सोही पार्टीका नेता एवं पूर्वअर्थमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले मुलुकलाई आशा जगाउने कुनै पनि विषयवस्तु नआएको जनाउनुभयो । "यो परम्परागत छ । यसमा नयाँ उत्साह छैन । महत्वपूर्ण कुरा छुटेका छन्। विश्वव्यापी आर्थिक सङ्कटबाट परेको मारबाट मुलुकलाई माथि उठाउने ठोस नीति छैन । जनचासोका रुपमा रहेको सहकारी ठगीका कुरा पनि आएन", नेता कार्कीले भन्नुभयो ।

'हुन्छ र गरिन्छ' भन्ने कुरा मात्रै आयो : राप्रपा

राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानेन्द्रबहादुर शाहीले नीति तथा कार्यक्रममा 'हुन्छ र गरिन्छ' भन्ने कुरा मात्रै सीमित रहेको जिकिर गर्दै रोजगारी दिने र कृषि प्रविधिलाई प्राथमिकता दिने नीति नभएको प्रतिक्रिया दिनुभयो ।


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# शिक्षकहरु लक्षित पाँच दिने गण्डकी प्रदेशस्तरीय ह्याण्डबल प्रशिक्षण सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

पोखरामा शिक्षकहरु लक्षित पाँच दिने गण्डकी प्रदेशस्तरीय ह्याण्डबल प्रशिक्षक प्रशिक्षण कार्यक्रम सुरु भएको छ।

प्रदेश खेलकुद परिषद गण्डकीको आयोजना तथा गण्डकी प्रदेश ह्याण्डबल संघको ब्यवस्थापनमा पोखरा रंगशालामा सुरु भएको उक्त प्रशिक्षण कार्यक्रमको प्रदेश खेलकुद परिषदका सदस्य सचिब श्रीधर शर्माले एक कार्यक्रमका बीच शुभारम्भ गरे। सो अवसरमा बोल्दै सदस्य सचिब शर्माले प्रदेश खेलकुद परिषद तल्लो तहबाटै खेलकुदको जग बलियो बनाउने अभियानमा परिषद अघि बढेको बताए। यूवा



खेलाडी उत्पादन गर्नका लागि नै विद्यालयका खेल शिक्षक लक्षित विभिन्न प्रशिक्षण कार्यक्रम लगायत दशौं राष्ट्रिय खेलकुदका लागि विभिन्न प्रतियोगिताहरु समेत परिषदले तय गरेको जनाउँदै सदस्य सचिव शर्माले परिषद खेलकुद विकासका लागि सबै संग सहकार्य गर्दै अघि बढ्ने बताए। कार्यक्रममा आफ्ना भनाई राख्दै परिषदका निवर्तमान सदस्य सचिव एवं नेपाल ओलम्पिक कमिटिका उपाध्यक्ष तेज बहादुर गुरुङले परिषदले अघि सारेको अभियान महत्वपूर्ण रहेको जनाउँदै कार्यक्रमले जिल्लाहरुमा यूवा ह्याण्डबल खेलाडी उत्पादनका लागि सहयोगी हुने बताए। उनले अबको प्रशिक्षण प्रविधिमैत्री बनाउन समेत जोड दिए।

पोखरा रंगशालामा सुरु भएको प्रशिक्षणमा विभिन्न जिल्लाका विभिन्न विद्यालयका ४० जना शिक्षकहरुको सहभागिता रहेको प्रदेश ह्याण्डबल संघका अध्यक्ष केशव पाठकले जानकारी दिए। सहभागिहरुलाई प्रशिक्षकहरु राम बहादुर क्षेत्री, चित्र बहादुर थापा, विशाल बस्नेतलगायतले प्रशिक्षण दिने कार्यक्रम रहेको छ।

कार्यक्रममा प्रदेश खेलकुदका सदस्यहरु निर्मला बराल, विष्णुमायाँ गुरुङ, प्रदेश ह्याण्डबल संघकी उपाध्यक्ष शान्ती थापा बैद्य, कोषाध्यक्ष दिना गोतामेलगायतको सहभागिता रहेको थियो।

# पोखरामा 'वडा नागरिक आरोग्य कार्यक्रम'

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

दीर्घरोगी तथा ज्येष्ठ नागरिकलाई घरमै आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले पोखरा महानगरपालिका-२५ हेम्जामा ' वडा नागरिक आरोग्य कार्यक्रम' सुरु भएको छ

"महानगरको नमूना कार्यक्रमका रूपमा वडा नं. २५ बाट यो कार्यक्रम सुरु गरिएको छ। ज्येष्ठ नागरिकसँगै जुनसुकै उमेरका दीर्घरोगी, अशक्त र विपन्न परिवारका सदस्यलाई घरमै पुगेर स्वास्थ्य सेवा दिन्छौँ", हेम्जा स्वास्थ्यचौकीका प्रमुख कुश्मराज सुवेदीले भन्नुभयो। सरकारले सूचिकृत गरेका औषधि पनि निःशुल्क वितरण गरिने उहाँले बताउनुभयो।

समुदायमा स्वास्थ्य सचेतना र प्रवर्द्धनका कार्यक्रम सँगसँगै सञ्चालन गरिने उहाँले बताउनुभयो। कार्यक्रमअन्तर्गत विशेष गरी नसर्ने रोगबाट प्रभावित ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्ने, औषधि नियमित रूपमा खाएनखाएको अनुगमन गरिने छ। दुई महिनाको एकपटक बिरामीको घरमै पुगेर सेवा प्रवाह गर्ने कार्यविधि बनेको छ। आधार भूत स्वास्थ्य जाँचअन्तर्गत उच्च रक्तचाप, शरीरको तापक्रम, अक्सिजनको मात्रा, मधुमेह, कमलपित्त, नाडीको चाललगायत सेवा प्रदान गरिनेछ छ। मुटु रोग, श्वासप्रश्वास, दम, क्यान्सरलगायत नसर्ने रोगबारे जानकारी पनि दिइनेछ।

वडा कार्यालयको बजेटबाट कार्यक्रम सुरु गरिएको वडाध्यक्ष मोती तिम्सिनाले बताउनुभयो। "हरेक नागरिकलाई आफ्नो स्वास्थ्यप्रति सचेत र जिम्मेवार रहन पनि यो कार्यक्रमले मद्दत पुग्ने हाम्रो विश्वास छ", उहाँले भन्नुभयो।

# वी.पी.स्मृति भवनको निर्माण कार्य सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ



वीपी स्मृति भवन गण्डकी प्रदेश निर्माण समितिद्वारा वी पी स्मृति भवन गण्डकी प्रदेशको निर्माण कार्य सुरु भएको छ।

पोखरा १९ लामाचौरमा रहेको आफ्नै जमिनमा अक्षय तृतीयाको पावन अवसरमा संकल्पित भवन मंगलबार एक कार्यक्रम गरि निर्माण कार्य सुरु गरिएको समितिका अध्यक्ष माधव प्रसाद बास्तोला (मधु)ले जानकारी गराए।

अध्यक्ष बास्तोलाका अनुसार नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति एवम् संरक्षण शुक्रराज शर्माले इट्टामा बालुवा र सिमेन्टको मसला राखी निर्माण कार्यको शुभारम्भ गरिएको बताए।

नेपाली कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्माले उक्त शुभारम्भ कार्यक्रममा बोल्दै "एतिहासिक काम नेपाली कांग्रेस गण्डकी प्रदेशले आजबाट सुरु भएको छ। नेपाली कांग्रेसलाई माया गर्ने सम्पूर्ण व्यक्तिहरु एकवद्दता भई इमान्दारितापूर्वक हातेमालो गरौं, हनुमानजीको आशिर्वादले समयमा नै भवनले पूर्ण सार्थकता पाउछ" भने।

भवन निर्माणको पहिलो चरणमा करिब १ करोड लागत लाग्न सक्ने प्राविधिक अनुमान गरिएको र बाँकी कामको लागि थप ४ करोडको आवश्यक पर्ने निर्माण समितिले जानकारी गराएको छ। यही असोज मसान्त अगाडि नै कार्यालयबाट प्रवाह हुने सेवा कार्य सुरु हुनेगरी निर्माण कार्य सक्ने समेत निर्माण समितिको उद्घोष रहेको छ। स्थानीय वासिन्दा, नेपाली कांग्रेस गण्डकी प्रदेश पदाधिकारी, सदस्य, भवन निर्माण समितिका पदाधिकारी, सदस्य, सल्लाहकार र प्राविधिकहरुको उपस्थिति रहेको कार्यक्रममा पुजा सकिए लगतै स्थानीयहरुले भजन किर्तन गरेका थिए।

# पोखरा ...

दलका नेता एंव वडा नम्वर २ का अध्यक्ष दिवसमान प्रधानांगले पोखरा महानगरको न्यायिक समितिले उत्कृष्ट कार्य गरेको बताउदै वडामा हुने विवादलाई मेलमिलाप मार्फत समाधान गरेर नागरिकलाई सहज रुपमा न्याय दिलाउनुपर्नेमा जोड दिनुभयो।

महानगर न्यायिक समिति सदस्यहरु कालिदास पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा न्यायिक समिति सदस्य रजनी परियार, मेलमिलापकर्ताद्धय जमुना पराजुली, केशबराज बराल र महानगर न्यायिक समितिका मेलमिलाप सहजकर्ता सोमनाथ लम्सालले मेलमिलापकर्ताका बारेमा बोल्नुभएको थियो। पोखरा महानगरमा हाल १६९ जना मेलमिलापकर्ता सुचिकृत भएको र पहिलो चरणमा १ देखि १८ नम्वर वडाका मेलमिलापकर्तालाई पुनर्ताजगी तालिम सञ्चालन गरिएको मेलमिलापकर्ता संयोजक सोमनाथ लम्सालले जानकारी दिनुभयो।१९ देखि ३३ नम्वर वडाका मेलमिलापकर्तालाई जेठ ९ देखि ११ गतेसम्म दोश्रो चरणमा तालिम सञ्चालन गरिने न्यायिक समिति सदस्य कालिदास पोखरेलले बताउनुभयो।

# विश्वकप छनोटका लागि नेपाली फुटबल टोलीको घोषणा

**रासस**
काठमाडौं, १ जेठ

विश्वकप छनोटको दोस्रो चरणअन्तर्गत संयुक्त अरब इमिरेट्स (युएई)विरुद्ध हुने खेलका लागि मंगलबार २८ सदस्यीय नेपाली फुटबल टोलीको घोषणा भएको छ।

नेपाली राष्ट्रिय फुटबल टोलीका मुख्य प्रशिक्षक भिन्सेन्जो अल्बर्टो एनेसले प्रारम्भिक चरणमा २८ सदस्यीय खेलाडीको घोषणा गर्नुभएको हो। छनोट हुने नेपाली टोलीको गोलकिपरमा किरण चेम्जोङ, अभिषेक बराल, विशाल सुनार र सन्तोष महत रहेका छन्।

त्यसैगरी रक्षकमा अभिषेक लिम्बू, अनन्त तामाङ, विमल पाण्डे, विशाल बस्नेत, छिरिङ लामा, रोहित चन्द, सनिश श्रेष्ठ, सौभाग्य राई, अजय चौधरी र योगेश गुरुङ छनोटमा परेका छन्। मिडफिल्डरमा भरत खवास, लकेन लिम्बू, मणिकुमार लामा, मनिष डाँगी, वसन्त जिम्बा, फत्तेमान घले, रोहन कार्की र सुमित श्रेष्ठ छन् भने फरवार्डमा अञ्जन विष्ट, दिनेश हेन्जन, जिलेस्पीजङ्ग कार्की, हिसुब थपलिया, समिर तामाङ र सञ्जीव विष्ट छन्। नेपाल र युएईबीचको खेल यही जेठ २४ गते दशरथ रङ्गशालामा हुने तय भएको थियो। तर दशरथ रङ्गशालाको मापदण्ड नपुगेको भन्दै एएफसी (एसियन फुटबल महासङ्घ) ले खेल 'न्युट्रल भेन्यु'मा गर्न निर्देशन दिएको छ।


## हावाहुरीबाट जोगिने उपायहरू

◆घरको संरचना बलियो बनाऔं,
◆हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
◆छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
◆छतका गमला सुरक्षित रुपमा राखौं,
◆जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
◆हावाहुरी चलेमा भागदौंड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
◆सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
◆हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

*हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**


# पूर्व सांसद ...

कांग्रेस स्याङ्जाका पूर्व सभापति, राष्ट्रियसभाका पूर्व सांसद एवं लोकतान्त्रिक आन्दोलनका अथक योद्धा खगेन्द्रराज रेग्मीको निधनप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।

सभापति देउवाले आज जारी गर्नुभएको शोक वक्तव्यमा भनिएको छ- "लोकतान्त्रिक आन्दोलनका अथक योद्धा खगेन्द्रराज रेग्मीको निधनको खबरले मलाई अत्यन्त स्तब्ध र दुःखित बनाएको छ। कांग्रेसको विभिन्न पदीय जिम्मेवारीमा रहेर स्वर्गीय रेग्मीले नेपाली कांग्रेसको सङ्गठन विस्तार र नेपालको लोकतान्त्रिक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको थियो। उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु। साथै, दिवङ्गत आत्माको चीरशान्तिको कामनाका साथ शोक सन्तप्त परिवारजनमा पार्टी र आफ्नो तर्फबाट गहिरो समवेदना प्रकट गर्दछु।" रेग्मी २०५८ सालमा राष्ट्रियसभाको सांसद बन्नुभएको थियो। उहाँ लामो समयसम्म शिक्षण पेसामासमेत सक्रिय रहनुभएको थियो। जिउँदो सहिदका रूपमा परिचित रेग्मी क्यान्सर रोगबाट पीडित हुनुहुन्थ्यो। विद्यार्थी जीवनदेखि नै राजनीतिमा सक्रिय रहनुभएका रेग्मी २०२८ सालमा स्याङ्जा-पर्वत तरुण दलको अध्यक्ष, २०२९ सालमा गण्डकी अञ्चलस्तरीय तरूण दलको अध्यक्ष तथा २०३३ सालमा कांग्रेस स्याङ्जाको सहसचिव हुनुहुन्थ्यो। स्याङजा बम काण्डमा पक्राउ पर्नुभएका रेग्मीलाई तत्कालीन व्यवस्थाले राजकाज अपराध ऐन अन्तर्गत मृत्युदण्ड र जन्म कैदसम्मको सजाय हुनेगरी मुद्दा दायर गरेको थियो। उहाँलाई कास्की कारागारमा थुनामा राखिएको थियो।

# राष्ट्रिय भलिबल खेलाडी सम्मानित

**पोखरापत्र संवाददाता**
वालिङ, १ जेठ

गण्डकी प्रदेशको प्रतिनिधित्व गर्ने राष्ट्रिय भलिबल खेलाडीहरूलाई सम्मान गरिएको छ।


भलिबल खेलका माध्यमबाट जिल्लाका साथै प्रदेशको प्रतिष्ठा बढाएकामा उनीहरूसम्मान गरिएको हो। स्याङ्जाको वालिङ-७ वनकट्टामा अवस्थित मनकामना युवा क्लबको १६औं वार्षिकोत्सव तथा वैशाख पञ्चमीको अवसरमा आयोजित पुरुष भलिबल प्रतियोगिताका अवसरमा पूर्वराष्ट्रिय खेलाडी तथा गण्डकी प्रदेश भलिबल टिमका प्रशिक्षक रमेश केसी, गण्डकी प्रदेशका टिम क्याप्टेन खोमप्रसाद पाण्डेय (हरि),खेलाडीहरूराजनदर्लामी, सुजन चोखाल, हिमाल सुनारी र सरोज बर्देवालाई सम्मान गरिएको हो।

गण्डकी टिमका भलिबल प्रशिक्षक तथा खेलाडीलाई नेपाली कांग्रेसका उपसभापति एवं पूर्वमन्त्री धनराज गुरुङले सम्मान गर्नुभएको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

**प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।**

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी **डा. राजिव घिमिरे** पोखरामा यही **मिति जेठ ५ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस्।

हाम्रो सेवाहरु :

| | |
|---|---|
| पाइल्स | :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि। |
| फिस्टुला | :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने |
| फिसर | :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने |
| ग्याष्ट्रिक | :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने |
| अन्य रोगहरु | :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि |

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

**माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.**
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१–५८२५०८, ०६१–५७०६५१, ०६१–५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिवको सबै भन्दा ठूलो सम्पत्ति हो ।
– एल्फेड डे

## सम्पादकीय

# कांग्रेसलाई नसुहाउने काम

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसको अवरोधपछि प्रतिनिधिसभा बैठक पनि स्थगित भएको छ । राष्टपति रामचन्द्र पौडेलले संघीय संसदको संयुक्त बैठकलाई सम्बोधन गरेपछि धन्यवाद दिन राखेको बैठक कांग्रेसको नारावाजी र रोष्टम घेराउपछि चल्न सकेन । सभामुख देवराज घिमिरेले आगामी जेठ ३ गते बिहीबार बिहान ११ बजे बस्नेगरी बैठक स्थगित भएको घोषणा गरेका छन। सरकारले ल्याएको नीति तथा कार्यक्रमको धन्यवाद प्रस्ताव प्रस्तुत गर्न बसेको प्रतिनिसधभा बैठकमा कांगग्रेस सांसदहरूले अवरोध गरेका थिए । कांग्रेसले वजेट अधिवेशनको प्रारम्भदेखि अबरोध गर्दै आएको छ।

कांग्रेसको अवरोधपछि राष्ट्रपति रामचन्द्र पौडेललाई धन्यवाद दिने कार्यसूची प्रस्तुत हुन पाएन। पौडेलले मंगलबार दिउँसो ३ बजे बसेको प्रतिनिधिसभा र राष्ट्रियसभाको संयुक्त बैठकमा सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । कांग्रेसले उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेमाथि संसदीय छानबिन समिति बनाउनुपर्ने माग गर्दै आएको छ। धन्यवाद सभा मात्रै भएकाले बैठक चल्न दिन सभामुखले आग्रह गरेपनि कांग्रेसले मानेको छैन । सहकारी ठगलाई कारबाही गर, संसदीय मर्यादा कायम गर लगायतका नारा कांग्रेसका सांसदहरूले लगाएका थिए। कांग्रेसले राष्ट्रपति रामचन्द्र पौडेललाई सरकारको नीति तथा कार्यक्रम भने प्रस्तुत गर्न दिएको थियो । यद्यपि सरकारको कुनैपनि कार्यसूचीमा प्रवेश हुन नदिने कांग्रेस संसदीय दलको मंगलबार बिहान बसेको बैठक निर्णय गरेको थियो ।

परिपक्व मानिने सांसदहरु भएको राष्ट्रिय सभा बैठकमा पनि कांग्रेसले अवरोध गरेको छ । प्रतिनिधि सभाको छायाँ राष्ट्रिय सभा पर्नु हुँदैन भन्नेहरु नै उभिएर विरोध जनाउँदै बैठक चल्न दिएनन। सदनमा विषय केन्द्रित छलफल चल्ने सदनमा पनि उहीँ शैली अपनाउनु आफ्नो गरिमालाई कमजोर बनाउनु हो । नीति तथा कार्यक्रम प्रस्तुत गरेपछि दुवै सदनका छुट्टाछुट्टै बैठकले धन्यवाद दिने प्रचलन हो।त्यही अनुसारको कार्यसूची रहेको थियो । तर प्रमुख प्रतिपक्ष कांग्रेसले राष्ट्रपतिलाई धन्यवाद दिने कार्यसूचीमा सदनलाई प्रवेश गर्न दिएन । उक्त कार्यले प्रतिपक्षले सामान्य शिष्टाचार पनि निभाउन सकेन ।

प्रमुख प्रतिपक्ष दलबाट संसद् अवरुद्ध गर्ने काम शोभनीय भएन । सम्माननीय राष्ट्रपति देशको प्रमुख हो, अभिभावक हो । उनले संसद्लाई दुई घण्टा सम्बोधन गरिसकेपछि सामान्य शिष्टाचारस्वरुप धन्यवाद प्रस्ताव राख्नुपर्ने थियो । दुई घण्टा लामो राष्ट्रको लागि सम्बोधन गर्नुभयो धन्यवाद भन्न पनि नसक्ने ?,अर्थमन्त्री' वर्षमान पुनको भनाईले धेरै कुरा समेट्छात्यति गर्न दिएको भए कांग्रेसको परिपक्वता देखिन्थ्यो । त्यसपछि सत्ता पक्ष र प्रतिपक्षका बीचमा छलफल हुन्थ्यो । संसद् रोकिन सक्थ्यो । जिम्मेवार प्रतिपक्षको कुरा भएन । देशको सबैभन्दा पुरानो लोकतान्त्रिक पार्टीले लोकतान्त्रिक चरित्र देखाएन । यो सत्तापक्षको आरोप होइन दअहिलेको वास्तविकता हो । कांग्रेसको नेतृत्व घमण्डी र विरोधका लागि विरोध गर्नेबाट लतारिएको हुँदा सदन बनधक बनेको छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बड्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : शुभ यात्रा |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# खेलकुद पत्रकार मञ्च गण्डकीद्धारा आभार व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्ड भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्ने सबैप्रति आभार व्यक्त गरेको छ ।

मञ्चको पोखरामा बसेको कार्यसमितिको बयालिसौं बैठकले गण्डकी प्रदेशको गौरवको रुपमा स्थापित बनेको पोखरा स्पोर्ट्स अवार्डलाई भव्य रुपमा सम्पन गर्न प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग गर्ने सरकारी निकाय, व्यक्ति, संघ, संस्था, खेलाडी, प्रशिक्षक, खेलप्रेमी, सञ्चार माध्यम, सञ्चारकर्मी सहित मञ्चका सम्पूर्ण सदस्यप्रति हार्दीक आभार प्रकट गर्ने निर्णय गरेको महासचिव राजाराम पौडेलले बताए। अवार्ड कार्यक्रम प्राप्त सबैको साथ सर्पोटले मञ्चलाई थप उत्साहित बनाएको मञ्चले जनाएको छ। केही दिनमा अवार्ड कार्यक्रमको समिक्षा गर्ने र तीन महिना भित्रमा आयव्यय सार्वजनिक गर्ने तयारी गरिएको महासचिव पौडेलले खुलाए।

आठौँ संस्करणको पोखरा स्पोर्ट्स अवार्ड २०८० गत बैशाख २८ गते शुक्रबार पोखरा सभागृह हलमा आयोजना भएको थियो।

अवार्ड अन्तरगतको वर्ष उत्कृष्ट खेलाडी पुरुष तर्फको पुरस्कार क्रिकेटका अर्जुन कुमाल र वर्ष उत्कृष्ट खेलाडी महिलातर्फको पुरस्कार आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मगरले हात पारेका थिए। वर्ष खेलाडी पुरुष र वर्ष खेलाडी महिला हुन सफल खेलाडीलाई टेल्जि नेपालको टाइगर इलेक्ट्रिक स्कुटर र ट्रफी प्रदान गरिएको थियो। अवार्ड अर्न्तगत उदीयमान खेलाडीतर्फ व्याडमिन्टनकी दिलासा राना र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फ भलिबलका रमेश केसीले बाजी मारें । वर्ष उत्कृष्ट उदीयमान खेलाडी र वर्ष उत्कृष्ट प्रशिक्षक तर्फका विजेताले नगद ३५ हजार रुपैयाँको साथमा ट्रफी प्राप्त गरें। सबै विधामा उत्कृष्ट ३ को मनोनयन सूचीमा परेकाहरुलाई मनोनयन ट्रफी प्रमाणपत्र प्रदान गरिएको थियो । लाइफटाइम अचिभमेन्ट अवार्ड एथलेटिक्स प्रशिक्षक इन्द्रा मल्ललाई अर्पण गरियो। मल्ललाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिएको हो । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्ड सहारा क्लब पोखरालाई प्रदान गरियो। वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्ड रोहितराज पराजुलीलाई अर्पण गरियो । वर्ष उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकार तर्फका अवार्ड विजेताले नगद ३५ हजार रुपैयाँको साथमा अवार्ड प्राप्त गरे । यसैगरी ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अन्तरराष्ट्रिय वरियता प्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष (स्पेशल) अवार्डबाट सम्मान गरियो। अवार्ड कार्यक्रममा गण्डकी प्रदेश सरकारको विशेष सहयोग रहेको थियो भने प्रदेश खेलकुद परिषद गण्डकीले सहकार्य गरेको थियो । पोखरा महानगरपालिकाको समन्वयमा भएको कार्यक्रममा राष्ट्रिय खेलकुद परिषदले सघाएको छ । प्रबर्द्धकमा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश कार्यालय रहेको थियो। उदीयमान खेलाडीको पुरस्कार सहारा क्लब पोखरा, उत्कृष्ट खेलकुद संघसंस्था वा क्लब तर्फको पुरस्कार टाईगर गुप्र अफ पोखरा नेपाल, वर्ष उत्कृष्ट खेल पत्रकारको पुरस्कार स्व. सेनानी हेमबहादुर पुनको परिवार, लाइफटाइम अचिभमेन्ट अवार्ड सुपर मादी हाइड्रो पावर लिमिटेडले प्रायोजन गरेका थिए ।अवार्ड कार्यक्रममा गायक प्रकाश सपूत, सन्तोष बस्याल र निर्मल दाहालको गायन प्रस्तुती तथा तरेली साँस्कृतिक परिवारको लाठी, कौरा र झ्याउरे नृत्यले रौनकता थपेको थियो।

मञ्च गण्डकी, गण्डकी प्रदेशका सम्पूर्ण खेलकुद पत्रकारको साझा संस्था हो। २०५७ सालमा खेलकुद पत्रकार मञ्च कास्कीका रुपमा स्थापना भएको मञ्चलाई देश संघीयतामा गएसँगै नेपाल खेलकुद पत्रकार मञ्च गण्डकी प्रदेशका रुपमा स्तोरोन्नति गर्दै स्वायत्त संस्थाको रुपमा विकास गरिएको छ । हाल ७४ जना पत्रकार मञ्चमा आवद्ध छन् । खेलाडीलाई उर्जा थप्न मञ्च गण्डकीले २०७२ सालदेखि हरेक वर्ष पोखरा स्पोर्ट्स अवार्ड गर्दै आएको छ ।

# जलदेवता मानिने आँधीमूलका माछा मरे

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

जलदेवताका रूपमा पुजिने तनहुँको आँबुखैरेनी गाउँपालिका-१ स्थित आँधीमूलमा रहेका माछा मरेका छन् ।

मन्दिर परिसरमा रहेको पोखरीमा अवस्थित हजारौं माछा सोमबार एकैसाथ मरेका छन् । आज पनि पोखरीमा रहेका माछा मर्ने क्रम रोकिएको छैन। आँधीमूल धार्मिक तथा पर्यटकीय व्यवस्थापन समितिका अध्यक्ष हिमाल थापाका अनुसार के कारणले माछा मरेका हुन् भन्ने खुलेको छैन । उहाँले भन्नुभयो, “मन्दिर परिसरमा अवस्थित पोखरीमा खेल्ने माछा यहाँको मुख्य आकर्षण हो, एकैपटक थुप्रै माछा मरेका छन्, कसरी माछा मरेको हो हामी अचम्मित भएका छौं ।”

आँधीमूलमा मरेका माछा र पोखरीको पानी परीक्षणका लागि मत्स्य विकास केन्द्र पोखरामा नमूना पठाइएको भेटेरिनरी अस्पताल तथा पशु सेवाविज्ञ केन्द्रका प्रमुख राजेश चौधरीले जानकारी दिनुभयो। गाउँपालिकाका अध्यक्ष शुक्र चुमान, उपाध्यक्ष दुर्गादेवी अर्यालगायत जनप्रतिनिधिको टोलीले आजै घटनास्थलमा पुगेर जानकारी लिनुभएको छ।

गाउँपालिकाका अध्यक्ष चुमानले परीक्षणको प्रतिवेदन आएपछि थप उपचार पद्धति अपनाइने जानकारी दिनुभयो । जलदेवताका रूपमा विश्वास गरिने पोखरीको माछा मरेमा अनिवार्य रूपमा काजकिरिया गर्नुपर्ने संस्कार तथा प्रचलन रहेको बताइन्छ। पोखरीमा रहेका माछा मरेमा पुजारीले निकालेर खाल्डो खनेर अन्त्येष्टि गरिँदै आएको मन्दिरका पुजारी युवराज मास्के बताउनुहुन्छ।

मन्दिर परिसरमा रहेको माछा जोगाउनका लागि पोखरीमा तारबार गरिएको थियो । मन्दिर परिसरमा दुई पोखरी थिए । आँधीमूललाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउने प्रयास थालिएको छ। प्राचीनकालदेखि नै यहाँस्थित रूखको फेदमा आँधीमूल बाराहीको पूजा गरिँदै आइएकामा विसं २०३५ मा स्थानीय पाकुली परियारको विशेष सक्रियतामा मन्दिर निर्माण गरिएको थियो।

परापूर्वकालदेखि नै हरिबोधनी एकादशीका दिन फूलको डोली ल्याएर विसर्जन गर्ने एवं मन्दिर परिसरमा तोरण टाङ्ने कार्य चलिआएको छ। जल, जङ्गल, जमिनलाई पुज्दै आएका स्थानीय मगर समुदायले खेतबारीमा बाली लगाउने र भित्र्याउने समयमा पनि पूजाआजा गर्ने गरेका छन्।

यहाँ दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण पछिल्ला वर्षमा देशका विभिन्न भागबाट दर्शनार्थी आउने क्रम बढ्दै गएको छ। आँधीमूल पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भइरहेको छ । पृथ्वीराजमार्गबाट नजिकै रहेका कारण यस ठाउँ पछिल्लो समय पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास हुन थालेको हो । यस ठाउँलाई धार्मिक पर्यटकीय गन्तव्यस्थल बनाउन सडक कालोपत्र गरिएको छ। पृथ्वीराजमार्गको सत्र सयदेखि साढे दुई किलोमिटरको दूरीमा आँधीमूल रहेको छ । हाल नौ सय मिटर दूरीमा कालोपत्र सम्पन्न भएको गाउँपालिकाले जनाएको छ । यसअघि कच्ची सडक हुँदा पनि आँधीमूलमा पर्यटकको भीड रहने गरेकामा सडक कालोपत्र भएपछि त्यो सङ्ख्या अझै बढ्ने विश्वास गरिएको गाउँपालिकाका अध्यक्ष चुमानले जानकारी दिनुभयो । आँधीमूलमा रहेको मन्दिर, २३ धारालगायतले यहाँ आउने पर्यटकलाई लोभ्याउने गरेको छ । आँधीमूलमा ठूलो एकादशीका दिन पनि विशेष मेला लाग्ने गरेको छ। आँधीमूल मन्दिरको दर्शन गरे मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहेको पाइन्छ। आँधीमूल स्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिसहरू टाढा-टाढादेखि आउने गर्छन्। यो मन्दिरमा साउन महिना र औँसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ। आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन पनि रहेको छ।

गाउँपालिकाले धार्मिक पर्यटकीय गन्तव्य आँधीमूलको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न लागेको छ। प्यागोडाशैलीको मन्दिर, पार्क, दुई पोखरी र माछाको आकृतिका २३ धारालगायत संरचना रहेको आँधीमूलमा दर्शन गरेमा मनले चिताएको पुग्ने जनविश्वासका कारण तनहुँ, कास्की, स्याङ्जालगायत विभिन्न स्थानबाट दर्शनार्थी आउने गरेका छन् । आँधीमूल स्थल रमणीय भएकाले पूजाअर्चनाका साथै वनभोजका लागि मानिस टाढाटाढादेखि आउने गर्छन्। यो मन्दिरमा साउन महिना र औँसीबाहेकका सबै दिनमा पूजा हुने गर्छ। आँधीमूल देवीको मन्दिरमा परेवा उडाउने, बोका र कुखुरालाई बलि दिने प्रचलन पनि रहेको छ।


**नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण**

योजनाको नाम :शितलादेवि सामुदायिक भवन (अधुरो भवन मर्मत)
ठेगाना : पोखरा-१२, चापापानी
योजना सम्झौता मिति : २०८०/१२/१६
योजना सम्पन्न हुने मिति : २०८१/०३/३०
योजना सम्पन्न भएको मिति : २०८१/०१/३१
कूल लागत : रु. १७,२४,०००।-
महानगरपालिकाबाट : रु. १५,५०,०००।-
जनसहभागिताबाट : रु. १,७४,०००।-

**गंगादेवी कार्की**
अध्यक्ष
**शितलादेवि सामुदायिक भवन निर्माण समिति**

**नागरिक पारदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण**

योजनाको नाम : सि.टी.भि.टीई मार्गमा बाटो ढलान
ठेगाना : पोखरा महानगरपालिका - १२
योजना सम्झौता मिति : २०८०/०९/०५
योजना सम्पन्न हुने मिति : २०८१/०२/१९
योजना सम्पन्न भएको मिति : २०८१/०१/३०
कूल लागत : रु. २३,५३,०००।-
महानगरपालिकाबाट : रु. २०,००,०००।-
जनसहभागिताबाट : रु. ३,५३,०००।-

**खगेन्द्र सिं गुरुङ्ग**
अध्यक्ष
**सि.टी.भी. टीइ मार्गमा बाटो ढलान उपभोक्ता समिति**


# छ वर्षमा पदयात्रामा जाने छ हजार दुई सय ७२ नेपालीको निःशुल्क उपचार

**रासस**
काठमाडौं, १ जेठ

हिमालयन उद्धार सङ्घले छ वर्षमा पदयात्रामा जाने छ हजार दुई सय ७२ नेपालीको निःशुल्क उपचार गरेको छ । विगत ५० वर्षदेखि पर्वतीय पदयात्रामा जाने आन्तरिक तथा बाह्य पदयात्रीको उपचारमा सक्रिय सङ्घले सगरमाथा, मनाङ र गोसाइँकुण्ड क्षेत्रमा जानेह नेपालीको निःशुल्क उपचार गरेको हो।

सङ्घले सोलुखुम्बुको सगरमाथा आधार शिविर, सोलुखुम्बुकै फेरिचे र मनाङको मनाङ गाउँमा अस्थायी स्वास्थ्य केन्द्र स्थापना गरी नेपाली पदयात्रीलाई निःशुल्क र विदेशी पदयात्रीलाई थोरै शुल्क लिएर स्वास्थ्यसेवा प्रदान गर्दै आइरहेको सङ्घका प्रमुख कार्यकारी अधिकृत (सिईओ) गोविन्द बस्यालले जानकारी दिनुभयो।

त्यस्तै, सो सङ्घले जनैपूर्णिमा मेलाका अवसरमा रसुवाको गोसाइँकुण्डमासमेत स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ। सङ्घले सन् २०१९ मा एक हजार पाँच सय ८४ जना, सन् २०२० मा ९९ जना, सन् २०२१ मा सात सय ८५ जना, सन् २०२२ मा एक हजार तीन सय ८५ जना, सन् २०२३ मा एक हजार नौ सय ६९ जना र सन् २०२४ को हालसम्म चार सय ५० नेपाली पदयात्रीलाई निःशुल्क स्वास्थ्यसेवा प्रदान गरेको छ। सङ्घले छ वर्षमा दुई हजार पाँच सय ७४ विदेशी पर्वतीय पदयात्रीलाईसमेत स्वास्थ्यसेवा प्रदान गरेको छ।

सन् २०१९ मा एक हजार एक सय १६ जना, सन् २०२० मा १६ जना, सन् २०२१ मा एक सय ५१ जना, सन् २०२२ मा ५०५ जना, सन् २०२३ मा छ सय ३५ जना र सन् २०२४ को हालसम्म एक सय ५१ विदेशी पदयात्रीलाई स्वास्थ्य सेवा प्रदान गरेको छ । वसन्त ऋतुको आगमनसँगै सङ्घले गत चैतदेखि आन्तरिक तथा बाह्य पर्वतीय पदयात्रीको उपचारका लागि सोलुखुम्बु र मनाङ जिल्लाका तीन ठाउँमा विदेशी चिकित्सकसहितको टोली खटाएको छ।

वसन्त र शरद् ऋतुमा हिमाल आरोहण गर्न जाने पर्यटकलाई स्वास्थ्य सेवा प्रदान गर्ने उद्देश्यले विस २०३० मा स्थापना भएको सङ्घले चैतमा वसन्त ऋतु सुरु भएसँगै पाँच विदेशी र दुई नेपाली चिकित्सकलाई सोलुखुम्बु र मनाङको तीन स्थानमा पठाएको हो । हिमाल आरोहण गर्न जाने स्वदेशी तथा विदेशी पर्यटकलाई लक्षित गरी आधार क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउन तालिम दिएर स्वयंसेवी चिकित्सक परिचालन गरिएको सङ्घका अध्यक्ष डम्बर पराजुलीले बताउनुभयो।


## महत्वपूर्ण कागजपत्र हरायो

**छोरेपाटनदेखि मझेरीपाटन छिनेडाँडा स्कुल आउने जाने क्रममा मेरो चेकबुक, लाइसेन्स सहितको महत्वपूर्ण कागजपत्र हराएको हुँदा फेला पार्नुहुने महानुभावले निम्न नं. वा नजिकको प्रहरी कार्यलयमा सम्पर्क गरिदिनुहोला।**

**हराएको चेकबुक राजीब सिग्देल** Nabil Bank **को** Cheque Book
NMB Bank **को** Cheque Book
Nabil Bank Rs. 4,50,000/, Rs.50,000/, Rs. 60,000/, Rs.4,25,000/ **का अंकमा उल्लेख गरि हस्ताक्षर गरिएका चेकहरु**

**नामः राजीव सिग्देल**
**सम्पर्क नं. ९८५६०७२५६६**

# उजागर हुँदै अन्नपूर्णको ऐतिहासिक शीतल गुफा

**हरि बाँस्तोला**
पोखरा, १ जेठ/रासस

ऐतिहासिक, धार्मिक एवं पुरातात्विक महत्व बोकेको कास्कीको अन्नपूर्ण गाउँपालिका-५ झोवाङको शीतल गुफा उजागर हुने क्रममा रहेको छ । स्थानीय बासिन्दाको अथक प्रयासबाट यतिखेर गुफा पर्यटकीय गन्तव्यका रूपमा विकास भएको हो ।दुई सय ५० मिटर लम्बाइको सो गुफाको प्रवेशद्वारमा परम्परागत कुटानीपिसानीका साधन ढिक्की र जाँतो, पञ्चेबाजा, महादेवलाई कालीनागले बेरेको, सिद्धिविनायक, बूढानीलकण्ठ, बुद्धलगायत विभिन्न देवीदेवताका आकृति स्पष्ट देख्न सकिन्छ ।

विसं २०३७ मा शीतला माध्यामिक विद्यालय विरेठाँटीका प्रधानाध्यापक शिवप्रसाद पौडेल विद्यार्थीसहित पहिलो पटक प्रवेश गरेपछि मात्रै गुफा पत्ता लागेको शीतल गुफा धार्मिक तथा पर्यटकीय विकास संस्थाका अध्यक्ष प्रमोदकुमार पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार सुगम स्थान एवं प्रचुर पर्यटकीय सम्भावना रहेर पनि ओभेलमा परेको प्राचीनकालीन सो गुफा पोखरा-बागलुङ सडकखण्डको भुवारी खोला पुलसँगै रहेको छ। गुफा परिसरमा रहेको चट्टानलाई विभिन्न देवीदेवताका आकर्षक आकृति दिने र नेपालको झण्डा राख्ने तयारी भइरहेको उहाँको भनाइ छ । "गुफाको प्रवेशद्वारबाट करिब एक सय मिटरभित्र पुगेपछि १० मिटरको उचाइमा रहेको दोस्रो तलामा भऱ्याङमार्फत प्रवेश गरिन्छ", उहाँले भन्नुभयो, "उक्त स्थानमा पानीका कुण्ड रहेका छन्, सुरक्षाका हिसाबले अहिले त्यो ठाउँमा जानका लागि बन्द गरिएको छ ।"अध्यक्ष पौडेलका अनुसार सडकदेखि ५० मिटरको दूरीमा रहेको गुफासम्म पुग्नका लागि सुविधायुक्त पदमार्ग, आवश्यकताअनुसार फलामे भऱ्याङ, च्यालन गेटसहितको आकर्षक प्रवेशद्वार निर्माण गर्नुका साथै गुफाभित्र सिँढीसहितको बाटोसमेत निर्माण गरिएको छ ।

सडकबाट गुफासम्म पुग्न र आसपासमा विभिन्न देवीदेवताका मठ मन्दिर, यज्ञशाला, कार्यालय व्यवस्थापनसहित अवलोकनकर्ताको सुविधाका लागि आवश्यक खानेपानी, शौचालयसहित सम्पूर्ण निर्माण कार्यमा रु डेढ करोडभन्दा बढी खर्च भएको निवर्तमान अध्यक्ष सदाखर पौडेलले जानकारी दिनुभयो ।गुफाको विकासका लागि गण्डकी प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, डिभिजन वन कार्यालय, गाउँपालिका र स्थानीयको सहभागिता जुटाएर आवश्यक भौतिक संरचना निर्माण गरिएको उहाँको भनाइ छ ।

"गुफा फराकिलो रहेका कारण ओहोरदोहोरमा खासै समस्या छैन", निवर्तमान अध्यक्ष पौडेलले भन्नुभयो, "दर्शकको सुविधाको लागि पार्किङ, बाटो र विद्युत्को समेत व्यवस्था गरिएको छ ।" गुफा प्रवेशका लागि गाउँपालिकासँग स्वीकृति लिएर पहिलो पटक यही वैशाखदेखि टिकटको व्यवस्था गरिएको छ । अवलोकन गर्ने आन्तरिक एवं बाह्य पर्यटकका लागि रु ५० र विद्यार्थीका लागि रु ३५ कायम गरिएको सचिव शिवप्रसाद पौडेलले जानकारी दिनुभयो । गुफा व्यवस्थापन समितिले पूजापाठ र टिकटका लागि एक वर्षको रु ६५ हजारमा ठेक्का लिएका स्थानीय पद्म पौडेलका अनुसार एक महिनाको अवधिमा विभिन्न देशका छ जना विदेशीसहित छ सय २० जनाले टिकट काटेर अवलोकन गरिसकेका छन् । मुक्तिनाथ लगायतका तीर्थयात्री र भ्रमण गर्ने टोली बस रोकेर शीतल गुफामा अध्ययन अवलोकन गर्ने पर्यटकको आकर्षण बढेको बताउँदै उहाँले भन्नुभयो, "विद्यार्थी पनि ग समूहमा आउने गरेका छन् ।" गाउँपालिकाका अध्यक्ष विष्णु केसीका अनुसार प्राकृतिक स्रोतको उचित संरक्षण र व्यवस्थापन गरेर पर्यटक प्रवर्द्धनका लागि पालिकाको तर्फबाट आवश्यक सहयोग गर्दै आएको बताउनुभयो। गुफादेखि भूमेथानसम्म पदमार्ग निर्माण भइसकेको छ । सङ्घ सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको सो पदमार्गबाट सुनाखरीको राजधानी पञ्चासेसम्म पुग्न सकिन्छ ।

अवलोकनका लागि सो स्थानमा पुग्नुभएका पत्रकार महासङ्घ कास्कीका कोषाध्यक्ष तथा कारोबार दैनिकका समाचारदाता दिनानाथ बरालले गुफालाई थप धार्मिक एवं पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने बताउनुभयो । ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक सम्पदाको अध्ययन अनुसन्धान गरी उजागर गर्न सकेमा पर्यटन विस्तारका साथै यस क्षेत्रको विकासमा टेवा पुग्नेमा उहाँहरूको विश्वास छ । पोखराबाट ४० किलोमिटरको दूरीमा रहेको झवाङस्थित भुवारीखोलामा अवस्थित सो गुफाभित्र प्रशस्त चमेरा रहेको छन् । गाउँमा कोदोको बीउका लागि गुफाबाट चमेराको मल ल्याएर राखेपछि बीउ राम्रो हुने गरेको स्थानीय बासिन्दाको सामूहिक धारणा रहेको छ ।

सो गुफामा विशेषगरी परम्परादेखि नै बालाचतुर्दशीमा सदबीज छर्ने र शिवरात्रिमा शिवालयमा गाईको दूध चढाउने श्रद्धालु भक्तजनको भीड लाग्ने गर्दछ । सो स्थानमा कास्की, पर्वत र बागलुङदेखि भक्तजन आउने गर्दछन् । मुक्तिनाथको झल्को दिने गरी गुफा परिसरमा एक सय आठ गौमुखे धारा निर्माण गरिएको छ । जिल्ला समन्वय समिति कास्कीको मौजुदा कोषको रु २५ लाखको लागतमा उक्त धारा निर्माण गरिएको हो । मध्यपहाडी लोकमार्गअन्तर्गत पर्ने सो सडकमा दैनिक सयौँको सङ्ख्यामा यातायातका साधन ओहोरदोहोर गर्ने उक्त क्षेत्रमा रहेको अलौकिक गुफालाई थप पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न अपरिहार्य भएको यस क्षेत्रका व्यवसायीको सामूहिक धारणा रहेको छ ।

# पोखराका सिसिटिभि बिक्रेता र टिएनडी ब्राण्डका पदाधिकारी बिच अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ



पोखरामा रहेका सिसिटिभि बिक्रेताहरुद्धारा स्थापित पोखरा लायन्स क्लब अफ इन्फरमेशन एण्ड टेक्नोलोजीका पदाधिकारी र सिसिटिभि क्यामरा टिएनडी ब्राण्डका पदाधिकारीबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

टिएनडी ब्राण्डका सेल्स म्यानेजर एरिका ह्वाङ, कन्ट्री सेल्स म्यानेजर नविन भण्डारी, हाइटेकको तर्फबाट नेपालका लागि टिएनडी ब्राण्डको एक्जुकेटिभ सेल्स म्यानेजर सुरज भट्ट लगायतको टोलीलाई पोखरा लायन्स क्लब अफ इन्फरमेशन एण्ड टेक्नोलोजीका पदाधिकारीहरुले स्वागत संगै अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको हो । सो अवसरमा वोल्दै टिएनडीका सेल्स म्यानेजर एरिका ह्वाङले टिएनडी ब्राण्डको सिसिटिभि क्यामेरा राम्रो भएको बताउदै पोखरामा रहेका सिसिटिभि बिक्रेताहरु मिलेर लायन्स क्लब गठन गरी ब्यापार ब्यवसायको प्रवर्द्धनमा जुटेकोमा खुसी ब्यक्त गरे । टीम मिलेर काम गरेको खण्डमा जुनसुकै काममा पनि सफलता हात लाग्ने बताउदै पोखराका सिसिटिभि क्यामेरा बिक्रेताहरु संगठित भइ टीम बनाएर लागेकोमा उनले प्रशंसा समेत गरिन । ग्राहकको चाहनालाई मध्येनजर गरी टिएनडी ब्राण्डले भरपर्दो क्यामेराहरु उत्पादन गरेको उनको भनाइ रहेको थियो । हाइटेक इन्टरनेशनल नेपालका सेल्स म्यानेजर सुरज भट्टले हाइटेक मार्फत नेपालका लागि टिएनडी ब्राण्डका सिसिटिभि क्यामेराहरु उपलब्ध गराउदै आएकोमा पोखरामा रहेका व्यवशायीहरुले स्वस्थ प्रतिस्पर्धा मार्फत ब्यवशाय गरेकोमा खुसी ब्यक्त गर्दै आफुहरु व्यवशायीको हितमा काम गर्ने समेत बताए । हाइटेकले आगामी दिनमा एक क्षेत्र एक डिलरमात्र प्रदान गरेर व्यवसायीहरुलाई साथ दिने उनको भनाइ रहेको थियो । त्यस्तै टिएनडीका टेक्निकल हेड उत्कल सन्जेलले टिएनडी ब्राण्डमा कुनैपनि समस्या उत्पन्न नहुने वताउदै ब्यवशायीहरुले ब्राण्डको सामाग्री ग्राहकलाई विक्री वितरण गरेको खण्डमा सहज हुने समेत बताए ।

त्यस्तै डिएनडी ब्राण्डका अधिकृत बिक्रेता आयुषा इन्टरनेशनलका सञ्चालक अनिल कुमार श्रेष्ठले ब्यवशायीहरुले लोकल सामान भन्दापनि ब्राण्डको सामानहरु बिक्री वितरण गरेको खण्डमा कुनैपनि समस्याहरु आइपरेमा समाधान गर्न सहज हुने वताए ।

पोखरा लायन्स क्लब अफ इन्फरमेशन एण्ड टेक्नोलोजीका अध्यक्ष सनरोज गुरुङको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पोखरा उद्योग वाणिज्य संघका सदस्य सुदिप ओझा, क्लबका निर्वाचित अध्यक्ष दिनेश महर्जन लगायतले बोलेका थिएभने कार्यक्रमको सञ्चालन उपाध्यक्ष तथा गोम्जा आइटी टेक्नोलोजीका सञ्चालक रावत गोम्जा तामाङले गरेका थिए ।

# हेल्मेट डाँडालाई पर्यटकीय गन्तव्य बनाइँदै

**वासुदेव पौडेल**
पोखरा, १ जेठ/रासस

पृथ्वी राजमार्ग अन्तरगत पोखरा महानगरपालिका-३२ स्थित लामेआहाल, कालिका नगर र मजुवाबीचको रमणीयडाँडा झट्ट हेर्दा ठ्याक्कै हेल्मेट जस्तो छ । जङ्गलै जङ्गलले ढपक्क ढाकिएको हेल्मेट जस्तै भएकाले यसलाई हेल्मेट डाँडाका रूपमा लिइन्छ ।

डाँडाको प्राकृतिक सुन्दरतासँगै विभिन्न पर्यटकीय पूर्वाधार विकास गरी स्थानीयले यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने सोच अघि बढाएका छन् । पोखरा पर्यटनको राजधानी भइसकेको अवस्थामा आसपासका क्षेत्रमा पर्यटकीय गतिविधि बढाउँदै पर्यटकको बसाइँ लम्ब्याउने विषयले चासो र चर्चा पाइरहेका अवस्थामा हेल्मेटडाँडाको पर्यटकीय विकासको योजनालाई अर्थपूर्ण रूपमा हेरिएको छ । प्रकृतिको बरदान हेल्मेट डाँडालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार गरिसकिएको स्थानीय समाजसेवी एवं प्रगतिशील सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष भुवानीप्रसाद पौडेलले बताउनुभयो । समितिको अनुरोधमा पोखरा विश्वविद्यालयका प्रा डा गोविन्दप्रसाद लामिछानेको सहयोगमा डिपिआर तयार गरिएको उहाँले जानकारी दिनुभयो ।

"हेल्मेट डाँडासँगै यहाँ नजिकैको कालिका मन्दिर, स्यान्थुम्की समेतलाई समेटेर हामीले पर्यटकीय पूर्वाधार विकास गर्ने योजना राखेका छौँ", उहाँले भन्नुभयो, "लक्षित सबै पूर्वाधार विकासका योजना सम्पन्न गर्न रु बीस करोड ५९ लाख ८५ हजार चार सय ६८ लाग्ने अनुमान गरिएको छ ।"उहाँका अनुसार हेल्मेट डाँडाको शिरमा बुद्धमूर्ति निर्माण गर्नका लागि आठ तल्ला उचाइको स्तम्भ स्वरूपमा संरचना निर्माण गरिने छ । सबैभन्दा माथि ७५ फिट उचाइको बुद्धको मूर्ति रहने छ । उक्त मूर्ति प्रत्येक पाँच मिनेट समयावधिमा तीन सय ६० डिग्रीमा घुम्ने प्रा डा गोविन्दप्रसाद लामिछानेले जानकारी दिनुभयो । बुद्ध मूर्तिको तल ३५ मिटरको उचाइमा आठ तल्लाको संरचना रहने छ । उक्त संरचना निर्माण हुने भएका कारण वरपरका कुनै पनि रुख काट्नु नपर्ने लामिछानेको भनाइ छ । टावरको आठौँ तल्लामा पानी ट्याङ्की रहने र भूई तल्लामा टिकट काउन्टरको व्यवस्था गरिने छ । बीचका छ वटा तल्ला व्यापारिक प्रयोजनका हुने गरी निर्माण गरिने अध्यक्ष पौडेलले जानकारी दिनुभयो । टावरको स्वरूपमा रहे पनि त्यसलाई आकर्षक बनाउने गरी योजना गरिएको छ । उत्तरतर्फ पृथ्वी राजमार्गको भागतर्फ स्तम्भसँगै स्काइ स्वीमिङ पुल निर्माण गर्ने योजना छ । सिसैसिसाको उक्त स्वीमिङ पुल कुनै टेकोबिना नै हावामा अडिएको जस्तो गरी निर्माण गरिने उहाँले बताउनुभयो । त य स् तै हेल्मेट डाँडाबाट नजिकैको कालिका मन्दिरसम्म तीन सय ५० मिटर दूरीको जिपलाइन निर्माण गरिने छ भने कालिका मन्दिरबाट स्यान्थुम्कीसम्म ५५ मिटर लम्बाइको रोप साइक्लिङ निर्माण गरिने छ । कालिका मन्दिर र स्यान्थुम्कीलाई घुम्ने गरी चिल्ड्रेन ट्रेलसमेत निर्माण गरिने पौडेलले जानकारी दिनुभयो । उहाँका अनुसार हेल्मेट डाँडाको फेदीबाट छ फिट चौडाइको तीन हजार तीन सय मिटरको पदयात्रा मार्ग निर्माण गरिने तयारी गरिएकामा यस आर्थिक वर्षमा महानगरपालिकको रु २५ लाखको सहयोगमा पदयात्रा मार्ग निर्माणका लागि ठेक्का प्रक्रियामा अघि बढेको छ । हेल्मेट डाँडासँग नजिकै रहेको कालिका मन्दिर यस क्षेत्रको एक सय वर्षभन्दा अघिदेखिको इतिहासको साक्षी पनि हो । कालिका नगरस्थित यो धार्मिक पर्यटकीय तीर्थस्थल यहाँका कालिका चोक, म्याग्दी टोल, टाँडी, तल्लो गगनगौँडा, बेलबुटे, स्कुल टोल लामेआहाललगायत आसपासका क्षेत्रको आस्था र विश्वासको केन्द्र रहेको यहाँका स्थानीय बताउँछन् ।

मनले चिताएको पुग्ने तीर्थस्थलका रूपमा चासो र चर्चा कमाएको यो स्थलसँगै हेल्मेटडाँडा, स्यान्थुम्कीलाई समेटेर गर्न लागिएको पर्यटकीय विकासले पोखरामा पर्यटकको बसाइँ थप एक दिन लम्ब्याउन सकिने सरोकारवाला बताउँछन् । कालिका मन्दिरको निर्माणसँगै मन्दिर परिसरको केही तल व्यायामशाला बनाउने लगायतका सोच अघि सारिएको सोच राखिएको वडा नं ३२ का वडाध्यक्ष अक्कलबहादुर कार्कीले बताउनुभयो । "यही कालिका मन्दिर परिसरमा नै गर्ग ऋषिले तपस्या गर्नुभएको विश्वास छ", उहाँले भन्नुभयो, "यहाँका धार्मिक तथा सांस्कृतिक महत्वलाई उजागर गर्दै धामिर्क पर्यटकीय गन्तव्यका रूपमा यस क्षेत्रको विकास गर्ने हाम्रो लक्ष्य हो ।" कालिका मन्दिरमा प्राचीनकालदेखि पूजाआजा गरिँदै आइएको तीर्थस्थल हो । बढ्दो बस्ती विकाससँगै विसं १९८० मा समाजसेवी स्व भीमबहादुर बस्नेतको सक्रियतामा स्थानीयको सुख, शान्ति र समृद्धिको कामनासहित कालिका मन्दिरको स्थापना भएको र त्यसलाई थप व्यवस्थित मुखिया चन्द्रबहादुर बस्नेतले गर्नुभएको बुढापाकाबाट सुन्दै आएको स्थानीय समाजसेवी एवं कालिका मन्दिर व्यवस्थापन समितिका अध्यक्ष बिमला थापा बस्नेत बताउनुहन्छ ।

यस मन्दिरलाई स्थापनायता समाजका हरेक व्यक्ति, सङ्घसंस्था एवं समूहको साझा प्रयासमा व्यवस्थित गर्दै महत्वपूर्ण तीर्थस्थलका रूपमा विकास गर्दै आएको उहाँको भनाइ छ । समय सापेक्षता यहाँस्थित पुरानो मन्दिरको स्थानमा व्यवस्थित नयाँ मन्दिर बनाउनुपर्ने आवश्यकता महसुस गरी वडा नं ३२ बाट रु १५ लाख विनियोजन भएर काम सुरु गरिएको निर्माण समितिका अध्यक्षसमेत रहनुभएका उहाँले जानकारी दिनुभयो । वडाबाट प्राप्त उक्त रकमले मात्रै हाम्रो योजनाअनुसार मन्दिर बन्ने उल्लेख गर्दै उहाँले यसका लागि करिब रु २८ देखि ३० लाखसम्म खर्च लाग्नसक्ने अनुमान गरिएको जानकारी दिनुभयो । निर्माणाधीन मन्दिरमा वडास्थित आमा समूह, टोल सुधार संस्था, स्थानीय बुद्धिजीवी सबैको जनश्रमदानसमेत गरी निर्माण कार्यलाई अघि बढाइएको छ । मन्दिर निर्माणका लागि वडा कार्यालयले रु १५ लाख विनियोजन गरेसँगै जनसहभागितास्वरुप रु एक लाख ७७ हजार जम्मा गरेर योजना सम्झौता भई काम अघि बढेको मन्दिर व्यवस्थापन समितिका कोषाध्यक्ष एवं निर्माण समितिका कोषाध्यक्ष खमबहादुर पुनले जानकारी दिनुभयो । उहाँका अनुसार १६ वर्ग स्क्वायर फिटको परिसरभित्र तीनतलाको मन्दिर निर्माण गर्न लागिएको हो । त्यसअन्तर्गत ११ स्क्वायर फिटमा पहिलो तला बन्नेछ । यसको उचाइ नौ फिटको हुनेछ । दोस्रो तला सात वर्ग स्क्वायर फिटमा छ फिट उचाइको हुनेछ भने तेस्रो तला चार वर्ग स्क्वायर फिटसहित चार फिट उचाइमा हुनेछ । मन्दिरमा भक्तपुरका कालीगढले बनाएका कलात्मक झ्यालढोका राखिने उहाँले बताउनुभयो । मन्दिरमा भक्तपुरे कालीगढले बनाएको एक ढोकासहित १० वटा आँखी झ्याल राखिने छन् । त्यसअन्तर्गत पहिलो तलामा ढोका र दुई झ्याल रहने छन् । दोस्रो र तेस्रो तलामा चार-चार झ्याल रहने छन् । आगामी वर्ष वडा कार्यालय र महानगरपालिकाको सहयोगमा तेस्रो तल्लामा कालिका देवीको मूर्ति कुँदिएका कलात्मक टुँडालका साथै पित्तलको छाना राख्ने योजना रहेको उहाँले जानकारी दिनुभयो । पृथ्वी राजमार्गअन्तर्गत लामेआहालबाट करिब तीन सय मिटर उचाइमा रहेको रमणीय थुम्कोमा रहेका कारण पोखराको विन्दवासिनी, भद्रकाली, पृथ्वी राजमार्गमा पर्ने अकला मन्दिर जस्तै यो स्थल धार्मिक पर्यटनको आकर्षक गन्तव्य बन्ने विश्वास लिइएको छ ।

# म्याग्दीलाई पूर्णखोप सुनिश्चितता दिगोपना घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १ जेठ

म्याग्दीलाई पाँच वर्षमुनिका बालबालिकाहरूले पूर्ण खोप पाएको सुनिश्चितता तथा दिगोपना जिल्ला घोषणा गरिएको छ । छ वटा स्थानीय तह र ४५ वटा वडा रहेको म्याग्दीका सबै लक्षित बालबालिकाले तोकिएको खोपको सबै मात्रा लगाएपछि सोमबार एक समारोहका बीच पूर्णखोप घोषणा गरिएको हो ।

म्याग्दीमा रहेका १५ महिनाभित्रका एक हजार पाँच सय ६७ बालबालिकाले नियमित र पाँच वर्षमुनिका चार हजार आठ सय ६९ जना बालबालिकाले पूर्णखोप लगाएका स्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख भुवन ठकुराठीले बताउनुभयो । बालबालिकाले बिसीजी, डिपिटी, पोलियो, दादुरा, रुवेला, जेईलगायत १३ प्रकारका खोपको पूर्णमात्रा पाएको उहाँले बताउनुभयो । म्याग्दीमा एउटा जिल्लास्तरीय अस्पताल, एउटा आधारभूत अस्पताल, ३९ स्वास्थ्य चौकी, चार सहरी स्वास्थ्य केन्द्र, २८ सामुदायिक स्वास्थ्य एकाइ, एक सय १७ खोप केन्द्र, ६८ गाउँघर क्लिनिक रहेका छन् । बालबालिकालाई पूर्णखोप लगाउनका लागि तीन सय ७२ महिला स्वास्थ्य स्वयंसेविका परिचालन भएका थिए । यसअघि वडा र पालिकास्तरमा पनि पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गरिएको थियो । घोषणा अघि स्वास्थ्यकर्मीले घरदैलो गरेर खोप लगाएको नलगाएको विषयमा अध्ययन गरेका थिए ।

यस वर्ष गण्डकी प्रदेशका ११ मध्ये पूर्णखोप दिगोपना सुनिश्चितता घोषणा गर्ने म्याग्दी पहिलो जिल्ला बनेको जिसस म्याग्दीका प्रमुखसमेत रहनुभएका जिल्ला खोप समन्वय समितिका प्रमुख राजकुमार थापाले बताउनुभयो । कार्यक्रममा गण्डकी प्रदेशका स्वास्थ्य तथा सामाजिक विकासमन्त्री सीताकुमारी सुन्दासले खोप कार्यक्रमले नवजात शिशुको मृत्युघर घटाउन र रोग लाग्नबाट बचाउन महत्त्वपूर्ण योगदान गरेको बताउनुभयो । खोप कार्यक्रमलाई सरकारले प्राथमिकता दिएको र सर्वसाधारणले पनि यसलाई महत्वका साथ लिनुपर्ने मन्त्री सुन्दासले बताउनुभयो ।

ए क ज ना ला इ ँ पूर्णखोप प्रदान गर्न रु ४० हजार खर्च लाग्ने र म्याग्दी जिल्लाका सबै बालबालिकाको पूर्णखोप सुनिश्चितताका लागि वार्षिक रु ७० लाख ८४ हजारभन्दा बढी रकम खर्च लाग्ने गण्डकी प्रदेशको स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालयका सचिव डा विनोदविन्दु शर्माले बताउनुभयो ।

# फलफूल, तरकारी र दूध उत्पादन गर्ने किसानलाई अनुदान

**पोखरापत्र संवाददाता**
पर्वत, १ जेठ

कृषि उत्पादनबाट पालिकालाई आत्मनिर्भर बनाउने उद्देश्यले विहादी गाउँपालिकाले किसानलाई अनुदान दिन थालेको छ ।

व्यावसायिक रूपमा कृषि कर्म गर्ने किसानलाई प्रोत्साहनस्वरुप तरकारी, फलफूल र दूध उत्पादकका निम्ति कुल लागतको ७५ प्रतिशतसम्म अनुदान दिन थालिएको प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद भुसालले जानकारी दिनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत भुसालका अनुसार पालिकाले 'टनेल'मा तरकारीखेती गर्ने किसानलाई प्रतिटनेल ७५ प्रतिशत अनुदान उपलब्ध गराउने छ । पालिकाका छवटा वडामा मौसमी तथा बेमौसमी तरकारीखेती गर्ने किसानलाई प्लाष्टिक टनेल वितरण गर्न चालु आवमा रु चार लाख विनियोजन गरिएको उहाँले बताउनुभयो ।

विहादीले फलफूलका बिरुवा पनि ७५ प्रतिशत अनुदानमा उपलब्ध गराउने भएको छ । व्यावसायिक रूपमा फलफूलखेतीतर्फ आकर्षण गर्ने उद्देश्यले सुन्तला, कागती, आँप, लिचीका बिरुवा वितरण गर्न थालेको हो । विहादीमा आँप, लिची र कागती राम्रो उत्पादन हुने गरेको छ । यसका लागि किसानले न्यूनतम सुन्तला र कागती १५ बोट, आँप पाँच बोट र लिचीका सात बोट लगाउनुपर्ने प्रमुख प्रशासकीय अधिकृत भुसालले बताउनुभयो । पालिकाको दूध ढुवानीमा अनुदान कार्यक्रमअन्तर्गत प्रतिलिटरको रु पाँचका दरले अनुदान वितरण गरिने भएको हो । गाउँमा सञ्चालित कृषि फार्म वा व्यावसायिक किसानलाई प्रोत्साहन गरी कृषि पेसाबाटै आत्मनिर्भर बनाउन अनुदानमूलक कार्यक्रम ल्याइएको विहादी गाउँपालिकाका अध्यक्ष परबीन गुरुङले जानकारी दिनुभयो । उहाँका अनुसार कृषिमा नै रहन मद्दत पुगोस् भनेर उक्त कार्यक्रम ल्याइएको उहाँले बताउनुभयो । पूरै अनुदान उपलब्ध गराउँदा किसानले बेवास्ता गर्ने भएकाले किसानको जम्मा २५ प्रतिशत र पालिकाको ७५ प्रतिशत लगानी गर्नेगरी अनुदान दिइने भएको हो ।